# Nepalese Forum for Human Rights & People's Democracy (NEHURIPD), Australia

**17/18-20 Park Ave**
**Burwood, NSW, Australia, Ph: + 61297448438  Fax: +61295990613**

नेपालमा लामो समयदेखि चलिरहेको राजनितिक द्वन्दका कारण ठूलो संख्यामा हुने गरेको हत्या हिंसा र राजनैतिक धरपकडबाट मानवअधिकारको उपभोग गर्न नपाउने अवस्था एकातिर बिद्यमान छ भने अर्को तर्फ २०४६ को ऐतिहासिक जन आन्दोलनबाट प्राप्त सिमित प्रजातन्त्रको समेत २०६१ माघ १९ को शाहि कदमबाट हत्या भएको छ, जुनकुरा नेपाली समाजबाट एउटा तितो सत्यका रुपमा अन्तराष्ट्रिय जगतमा उजागरीत भएको छ। यसै तथ्यलाई हृदयङ्गम गरि अष्ट्रेलियामा रहेका नेपालीहरुको एक बृहत भेला **Passific College of Technology, Sydney** सम्पन्न भयो। भेलाले अधिनायकवादी राजनैतिक कृयाकलापद्धारा नागरीकको हत्या, जर्बजस्ती बेपत्ता, मानव अधिकारको हनन, दोहोरो सैन्यवाद जस्ता कृयाकलापको बिरोध गर्दै नेपालमा मानव अधिकारको ग्यारेण्टी हुने लोकतन्त्रात्मक राजनैतिक व्यबस्था स्थापनार्थ भैरहेको आन्दोलनलाई  समर्थन, सहयोग र टेवा पुऱ्याउने लक्षले **Nepalese forum for Human Rights and People's Demorcacy, Australia ( NEHURIPD, Australia )** नामक संस्थाको गठन गरेको छ। संस्थाको तदर्थ समितिको संयोजकमा रमेश पाण्डे र सदस्यहरुमा रमेश पौडेल, चित्र लिम्बु, चोलाकान्त भूसाल, यूवराज भट्टराई, धुर्ब सुबेदी, कमल तिबारी, होम नाथ पाण्डे, सरोज सापकोटा र महेन्द्र ओली लगायत हुनुहुन्छ।

सस्थाले मानब अधिकार र लोकतन्त्रको पक्षमा बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्था, समुदाय, बिभिन्न निकाय संग सम्बन्ध स्थापित गरी सक्रिय भूमिका निर्वाह गर्ने छ। यस सन्धर्वमा हामि स्वदेश तथा बिदेशमा रहने सम्पूर्ण नेपाली, अष्ट्रेलियाको समुदाय, सम्पूर्ण अन्तराष्ट्रिय जगत, संघ संस्था संग सहयोग र समर्थनको निम्ति हार्दिक अपिल गर्दछौं।

रमेश पाण्डे
संयोजक

Nepalese Forum for Human Rights and People's Democracy, Australia
Date: 2-10-2005